(क)

## ३० औं साधारण सभामा प्रस्तुत आ.ब. २०८०/०८१ को यथार्थ आय-व्ययमा आधारित आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०८१/०८२ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट

अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू …………………

सदस्यज्यूहरु, तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

संस्था स्थापनाको ४० औं वर्षमा आयोजना भएको यस ३० औं साधारण सभामा गत २९ औं साधारण सभाबाट पारित कार्यक्रम तथा वजेटको आधारमा गत आ.ब. २०८०/०८१ को आचार्य एण्ड डि. एशोसिएटस् चाटर्ड एकाउण्टेन्टस् कम्पनी (लेखा परिक्षक सि.ए. दिपक आचार्य) वाट प्रस्तुत संस्थाको समग्र वार्षिक लेखा परिक्षण प्रतिवेदनको आधारमा तयार पारिएको आर्थिक प्रतिवेदन, प्रगति विवरण र चालु आ.व. २०८१/८२ को प्रस्तावित वजेट, निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । यस अवसरमा केन्द्रका अध्यक्षज्यू लगायत सवै पदाधिकारी, सदस्यहरु, सल्लाहकार तथा यस संस्थालाई सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

### १. संस्थाको आ.व.२०८०/८१ को संस्थागत र परियोजनागत स्वीकृत वजेट, यथार्थ खर्च र आ.व. २०८१/८२ को प्रस्तावित वजेट

### १.१ संस्थागत कार्यक्रम तर्फ

| क्र.सं. | खर्च शिर्षक / कार्यक्रम | गत आ.व. २०८०/०८१ को विनियोजित स्वीकृत बजेट रु. | गत आ.व. २०८०/०८१ को यथार्थ खर्च रकम रु. | चालु आ.व. २०८१/०८२ को प्रस्तावित बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | 1,00,000.00 | 92,488.00 | 1,00,000.00 | |
| २ | कार्यसमिति नियमित बैठक | 1,50,000.00 | 1,27,460.00 | 1,50,000.00 | |
| ३ | कर्मचारी तथा कार्यसमिति क्षमता विकास तालिम | 50,000.00 | 0 | 50,000.00 | आवश्यक तालिमहरु परियोजनावाट संचालन |
| ४ | संस्थागत कर्मचारी तलब तथा पारिश्रमिक | 15,00,000.00 | 14,18,200 | 10,00,000.00 | |
| ५ | संस्थागत प्रकाशन तथा प्रसारण | 20,000.00 | 23,610.00 | 20,000.00 | |
| ६ | बार्षिक साधारण सभा | 50,000.00 | 1,21,860.00 | 1,00,000.00 | विशेष साधारणसभा आयोजना |
| ७ | संस्थागत लेखा परीक्षण | 1,20,000.00 | 2,48,000.00 | 2,80,000.00 | संस्थाको विधान, निति नियम, विनियमम, कायीविधि र निर्देशिका कार्यान्वयन सम्वन्धि परिक्षण |
| ८ | दैनिक भ्रमण तथा यातायात | 1,00,000.00 | 92,215.00 | 2,00,000.00 | |
| ९ | स्टेसनरी तथा मसलन्द | 50,000.00 | 47,700.00 | 50,000.00 | |
| १० | स्थानीय सरकारहरु तथा अन्य संघसंस्था सहकार्य तथा साझेदारी | 25,00,000.00 | 23,57,135 | 25,00,000.00 | |
| ११ | सम्पत्ति कर तथा राजश्व, VAT | 30,000.00 | 99,669.10 | 1,00,000.00 | Prepaid VAT |
| १.१२ | पूर्वाधार सुधार तथा मर्मत (श्रोतकेन्द्र, मुख्य कार्यालय तथा अन्य) | 2,00,000.00 | 44,375.00 | 1,50,000.00 | |
| १३ | परियोजना तयारी परामर्श | 1,00,000.00 | - | 1,00,000.00 | |
| १४ | विमा Insurance | - | - | 40,000.00 | |
| १५ | विविध भैपरी | 1,00,000.00 | 1,29,784.00 | 1,00,000.00 | |
| | **जम्मा मूल कोष खर्च** | **50,70,000.00** | **48,02,496.10** | **49,40,000.00** | |

### १.२ परियोजना तर्फ

| क्र.सं. | खर्च शिर्षक / कार्यक्रम | गत आ.व.२०८०/०८१ को विनियोजित स्विकृत बजेट रु. | गत आ.व. २०८०/०८१ को यथार्थ खर्च रकम रु. | चालु आ.व. २०८१/०८२ को प्रस्तावित बजेट रु. |
|---|---|---|---|---|
| १ | एकीकृत सामुदायिक विकास परियोजना (दोलखा र दाङ्ग) | 2,60,00,000 | 2,34,56,500.71 | 2,60,00,000 |
| २ | स्वयंसेवक आदानप्रदान कार्यक्रम | 35,00,000 | - | 50,00,000 |
| ३ | उर्जा विपत् व्यवस्थापन कार्यक्रम (Energy Developers/USAID) | - | 2,134.20 | - |
| ४ | दिगो सामुदायिक विकास परियोजना (SCDP/NCDF) | 20,00,000 | 970,371.29 | 20,00,000 |
| ५ | हात्तिटार खानेपानी तथा सरसफाई कार्यक्रम (EWB) | 15,00,000 | 41,37,341.61 | 15,00,000 |
| ६ | सामुदायिक जिविकोपार्जन प्रवर्द्धन कार्यक्रम (USAID) | 2,00,00,000 | 0 | 0 |
| ७ | विद्युतीय चुलोको दिगो बजार विकास परियोजना इलाम, सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभा जिल्ला) (Practical Action) | 50,00,000 | 0 | 150,00,000 |
| ८ | माकोतोमाकी नासाबिके महिला छात्रबृत्ति कार्यक्रम | 10,00,000 | 796,685.00 | 10,000,000 |
| ९ | जलवायू अनुकुलन नमूना कार्यक्रम (CFLI) | 52,00,000 | 63,01,530.86 | 50,00,000 |
| १० | एकीकृत नमुना ग्रामिण विकास कार्यक्रम (माईजोगमाई गाउँपालिका ३ र ४, नामसालिङ्ग) | - | - | 10,00,000.00 |
| ११ | आवासीय सामुदायिक विद्यालय संचालन तथा व्यवस्थापन साझेदारी (विद्योदय आ.वि. माईजोगमाई ३) | - | - | 100,000.00 |
| | **जम्मा परियोजना कोष खर्च** | **62,700,000** | **35,664,563.67** | **57,100,000** |

## २. ३० औं साधारण सभामा प्रस्तुत आ.ब.२०८०/०८१ को यथार्थ आय-व्ययमा आधारित आर्थिक प्रतिवेदन तथा वजेट

### २.१ संस्थागत आम्दानी तर्फः

| क्र.सं. | आम्दानी शीर्षक | आम्दानी स्रोत | गत आ.व. २०८०/०८१ को प्रस्तावित आम्दानी रु. | गत आ.व. २०८०/०८१ को यथार्थ आम्दानी रु. | चालु आ.व. २०८१/०८२ को अनुमानित आम्दानी रु. |
|---|---|---|---|---|---|
| १ | स्वेच्छिक योगदान तथा सहयोग | कोषकट्टी | 400,000 | 75,000.00 | 4,00,000 |
| २ | बैंक ब्याज | अक्षयकोष | 300,000 | 288,061.62 | 2,50,000 |
| ३ | भवन, जग्गा तथा कार्यालय भाडाः | स्रोतकेन्द्र तथा नामसालिङ्ग | 200,000 | 186,600.00 | 3,00,000 |
| ४ | साझेदार संस्थाहरुवाट प्राप्त हुने सहयोग | साझेदारी | 25,00,000 | 23,57,135.00 | 25,00,000 |
| ५ | अन्य आम्दानी (परियोजनाहरु संचालन तथा अन्य विविध आम्दानी) | परियोजना तथा अन्य | 16,70,000 | 17,11,101.36 | 18,90,000 |
| | **संस्थागत आम्दानी जम्मा रु.** | | **50,70,000** | **46,17,898.98** | **49,40,000** |

### २.२ परियोजनागत आम्दानी तर्फः

| क्र.सं. | आम्दानीशीर्षक | आम्दानी स्रोत | आ.व. २०८०/०८१ को प्रस्तावित आम्दानी रु. | आ.व. २०८०/०८१ को यथार्थ आम्दानी रु. | चालु आ.व. २०८१/०८२ को अनुमानित आम्दानी रु. |
|---|---|---|---|---|---|
| १ | विकास कोषनर्वेः एकिकृत सामुदायिकविकास परियोजना | विकास कोष नर्वे | 2,60,00,000 | 2,68,56,578 | 2,60,00,000 |
| २ | नोरिक नर्वेः स्वयंसेवक आदानप्रदान कार्यक्रम | नर्वे | 35,00,000 | 0 | 50,00,000 |
| ३ | दिगो सामुदायिक विकास परियोजना | NCDF/ EWB | 20,00,000 | 64,70,343 | 35,00,000 |
| ४ | छात्रबृत्ति अक्षयकोष मुद्दति खाताबाट प्राप्त | ब्याज | 10,00,000 | 791,322 | 10,00,000 |
| ५ | जलवायू अनुकुलन नमूना कार्यक्रम | CFLI | 52,00,000 | 23,74,210 | 50,00,000 |
| ६ | विद्युतीय चुल्होको दिगो बजारीकरण प्रबर्द्धन कार्यक्रम इलाम, सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभा जिल्ला) | Practical Action | 50,00,000 | - | 1,50,00,000 |
| ७ | एकीकृत नमुना कृषि ग्राम कार्यक्रम (माईजोगमाई गाउँपालिका ३ र ४, नामसालिङ्ग) | जोगमाई | - | - | 10,00,000 |
| ८ | आवासीय सामुदायिक विद्यालय संचालन तथा व्यवस्थापन साझेदारी (माईजोगमाई गा.पा.–३, विद्योदय आ.वि.) | विभिन्न संघसंस्था | - | - | 100,000 |
| | **जम्मा** | | **6,27,00,000** | **3,64,92,454** | **5,71,00,000** |

## ३. संस्थाको ३० औं साधारण सभामा प्रस्तुत आ.ब. २०८१/०८२ को वजेटको आधारमा प्रस्तावित नीति तथा कार्यक्रमहरूः

### ३.१ आ.व. २०८१/०८२ को लागि प्रस्तावित निति

- समुदाय र समुहहरुलाई सामाजिक परिचालनका माध्यमबाट सशक्तिकरण गर्दै स्थानीय तह र समुदायको प्रत्यक्ष संलग्नता, सक्रियता, साझेदारी, समन्वय र सहकार्यमा विकास योजनाहरु संचालन गर्न स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरुले आव्हान गरेका प्रस्तावहरु तयार गरी पेश गरेर कोष वृद्धि गर्दै संस्थाका गतिविधिहरु अगाडि वढाउदै लगिनेछ ।
- नियमित रुपमा संस्थाले संचालन गर्दै आएका कार्यहरु वातावरणमैत्री वनाउदै महिला, वालवालिका, पछाडी पारिएका जातजाती र सिमान्तकृत वर्ग तथा अपांगता भएका व्यक्तिहरुको हितलाई प्राथमिकता दिई सहभागीतामूलक पद्धतिबाट कार्यकम संचालन गर्ने ।
- संघिय, प्रादेशिक तथा स्थानीय सरकार, विभिन्न सरकारी तथा गैरसरकारी र निजिक्षेत्रसँग बजेट साझेदारी तथा समन्वयमा संस्थाले आफ्ना कार्यक्रमहरु संचालन गर्ने कार्यमा सुशासन प्रवर्द्धन एवंम् क्षमता विकासमूलक कार्यक्रम संचालन गरिनेछ ।
- विश्वमा जल्दोवल्दो समस्याको रुपमा रहेको जलवायू परिवर्तनको असर न्यूनीकरण, खाद्य सुरक्षा अभिबृद्धिका लागि समुदाय तथा स्थानीय समुदायस्तर देखि जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरसम्म सचेतना तथा अन्य विशेष कार्यक्रमहरु प्राथमिकतामा राखी संचालन गरिनेछ ।

- स्थानीय समुदायको संलग्नतामा कृषि तथा अन्य क्षेत्रहरुको सीप, प्रविधि, स्थानीय स्रोत-साधनहरूको परिचालन र व्यवस्थापन गर्दै प्रविधि मैत्री विकासमा संस्थाको कार्यक्रमहरु संचालन गरिने छ।
- दिगो विकासका लक्ष्यहरु स्थानीयिकरण गर्न योजनाहरु तर्जूमा गरी कार्यान्वयन गर्ने र प्राथामिकता प्राप्त नमूना कार्यक्रमहरु संचालन गरिने छ।
- कार्यक्रम क्षेत्रमा स्थानीय संघसंस्था तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै साझेदारी र सहभागीतात्मक विकासमा संलग्नता वृद्धि गर्दै लगिने छ।
- कार्यक्रमको सिकाई तथा अनुभवका क्षेत्रहरुलाई निरन्तर रुपमा (सामुदायिक स्वास्थ्य, शिक्षा, नवीकरणीय ऊर्जा, सहभागीतात्मक योजना तर्जूमा) कार्यक्रमहरुलाई निरन्तरता दिदै विस्तार गर्दै अगाडी लगिने छ।
- सहकारीताको माध्यमबाट समुदायमा रहेको पूँजी उत्पादनमूलक क्षेत्रमा परिचालन गराउन समुदायलाई सहयोग गर्न विशेष कार्यक्रमहरु संचालन गरिने छ।
- सहभागीतात्मक अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट कार्यक्रमको प्रभावकारीता बृद्धि गर्दै लगिनेछ।
- सस्थाले सचालन गर्ने सबै गतिविधिहरुलाई प्रभावकारी, व्यवस्थित, पारदर्शी, जवाफदेही र उत्तरदायी वनाउन संस्थाका लागि आवश्यक पर्ने निति नियम, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयन गरिने छ।
- संस्थाले संचालन गरेका कार्यक्रमहरु मार्फत असल अभ्यासहरुको प्रचार प्रसारको लागि आवश्यक श्रव्यदृश्य सामग्रीहरु तयार गरिनेछ।
- विभिन्न परियोजनाहरु सचालन गर्न जेभि (Joint Venture) अवधारणामा बिषयगत रुपमा ख्याति कमाएका संस्था तथा साझेदारहरुसँग संयुक्त साझेदारी प्रस्ताव र कार्यक्रम तयार गरिनेछ।
- दातृसंस्थासँग सम्झौता भएर संचालनमा रहेका क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ।
- संस्थाको वर्तमान आवस्थालाई मध्यनजर गरी संस्थामा अत्यावश्यक विषयमा वाहेक अन्य क्षेत्रमा हुने खर्चको अवस्थालाई प्राथामिकतामा राखी खर्च मितव्ययिताको नीतिलाई जोड दिईनेछ।
- समय सान्दर्भिक, सार्वजनिक चासो र नवीनतम् खोज एवंम् अनुसन्धानका बिषयहरुमा बहस र पैरवी गरिनेछ।

### ३.२ आ.व. २०८१/०८२ को लागि प्रस्तावित कार्यक्रमहरु

संस्थाले यस आ.व. २०८१।८२ मा संचालन गर्ने र गर्दै आएका कार्यक्रमहरु निम्नानुसार प्रस्ताव गरिएको छ।

### ३.२.१ संस्थागत कार्यक्रम तर्फ

- नियमित कार्यालय संचालन (संस्थाको मुख्य कार्यालय, श्रोत केन्द्र तथा परियोजना कार्यालयहरु)
- मासिक कार्य समिति नियमित बैठक तथा अन्तरक्रिया
- कर्मचारी तथा कार्यकारिणी क्षमता विकास तालिमहरु संचालन
- संस्थागत प्रगती प्रतिवेदन तथा अन्य प्रकाशन
- संस्थाको बार्षिक साधारण सभा र अधिवेशन आयोजना
- संस्थागत वार्षिक लेखापरीक्षण
- स्थानीय सरकार तथा विभिन्न सरकारी तथा गैरसकारी संस्थाहरुसँगको सहकार्य साझेदारीमा कार्यक्रमहरु संचालन

- संस्थाको मुख्य कार्यालय विश्रामस्थल मर्मत सुधार
- श्रोतकेन्द्रका पूर्वाधार सुधार तथा मर्मत
- कार्यक्रमहरुको नियमित अनुगमन, निरिक्षण तथा अन्य कार्यहरु

**३.२.२ परियोजनागत कार्यक्रम तर्फः**

**(क) एकिकृत सामुदायिक विकास परियोजनाः** विगत वर्षहरु देखिनै संचालनमा आएको यस परियोजना अर्न्तगत दाङ जिल्लाको राप्ति, गडवा र राजपुर गाउँपालिकाहरु तथा दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका क्षेत्रमा निम्न कार्यक्रमहरु संचालनका लागि निरन्तरता दिईनेछ ।

- समुदायको आर्थिक स्थितीमा सुधारको निम्ति आयआर्जन तथा सिप विकास कार्यक्रम
- दिगो कृषि प्रवर्द्धन तथा खाध्य सुरक्षा कार्यक्रम
- महिला तथा वालवालिकाहरुका निम्ति पोषण सुधार कार्यक्रम
- समुदायमा जलवायू अनुकुलन गाउँ निर्माण तथा प्राकृतिक श्रोत व्यवस्थापन कार्यक्रम
- स्थानीय तहमा वहुपक्षिय सरोकारवालाहरुसँग सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यक्रम
- कार्यक्रमको व्यवस्थित कार्यान्वयनका लागि अभिमुदीकरण कार्यक्रम
- जलवायू अनुकुलन गाउँ निर्माण कार्यक्रम
- भूक्षय तथा जलाधार क्षेत्रहरुको दिगो व्यवस्थापन कार्यक्रम
- पानीको श्रोत संरक्षण तथा व्यवस्थापन कार्यक्रम
- वैकल्पिक उर्जाको प्रवर्द्धन कार्यक्रम
- विपद् तथा जोखिम समस्या पहिचान तथा कार्यान्वयन कार्यक्रम
- समुदायमा आधारित संस्था तथा सहकारीहरुको स्थापना र प्रर्द्धन कार्यक्रम
- समुहहरुलाई लैगिंक समानात र समावेशीता सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रम
- महिला, यूवा तथा लक्षित समुहलाई लिडरसीप तालिम कार्यक्रम

**(ख) स्वयंसेवक आदान प्रदान कार्यक्रमः** विगतदेखि नै संचालनमा आएको नोरीक नर्वेको आर्थिक सहयोगमा संचालित कार्यक्रमको लागि यस आर्थिक वर्षको लागि NCDC, ATREE, India and KULIMA, Africa संग स्वयंसेवक आदान प्रदानको लागि प्रस्ताव गरिएको छ ।

**(ग) दिगो सामुदायिक विकास परियोजनाः** NCDF Canada / EWB Colorado को आर्थिक सहयोगमा माईजोगमाई गाउँपालिका क्षेत्रको वडा नं. ३,४ र ५ मा विगतदेखि नै नियमित रुपमा संचालन हुदै आईरहेको यस कार्यक्रमको निरन्तरताको लागि यस आर्थिक वर्षमा समेत स्वास्थ्य सरसफाई तथा खानेपानीका श्रोत संरक्षणका लागि माईजोगमाई गाउँपालिकासंगको आर्थिक साझेदारीमा कार्यक्रम संचालनको लागि प्रस्ताव गरिएको छ ।

**(घ) जलवायू अनुकुलन नमुना गाउँ निर्माण योजना मार्फत जलवायू उत्थानशिल गाउँ निर्माणः** Canadian Funds for Local Innitiative (CFLI), क्यानेडियन राजदुतावास दिल्लिको आर्थिक सहयोग र इलाम नगरपालिकाको साझेदारीमा इलाम नगरपालिका वडा नं ११ सोयाकमा जलवायू अनुकुलन नमुना गाउँ निर्माण योजना मार्फत जलवायू उत्थानशिल गाउँ निर्माणको कार्यक्रम प्रस्ताव गरिएको छ ।

**(ङ) विद्युतीय चुलोको दिगो बजार विकास परियोजना** (Practical Action)
विद्युतीय चुलोको दिगो बजार विकास परियोजना कार्यक्रम इलाम, सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभा जिल्लामा Practical Action Nepal को आर्थिक साझेदारीमा ७००० विद्युतिय चुलो प्रनर्द्धन गर्ने कार्य अगाडी वढिरहेको छ ।

**(च) माकोतोमाकी महिला छात्रवृत्तिः** संस्थाले विगतदेखि नियमित रुपमा संचालन गर्दै आएको महिला छात्रवृद्धि वितरण कार्यक्रमलाई संस्थाले निरन्तर र नियमितता दिदै जानेछ ।

**(छ) श्री विद्योदय आधारभूत विद्यालय, माङचोकको गुणस्तरीय शैक्षिक अवसरहरुको वृद्धि र संचालन**
स्थानीय समुदायको प्रत्यक्ष सलग्नता, विभिन्न संघसंस्था, निजी क्षेत्र र स्थानीय सरकारको लागत साझेदारीमा श्री विद्योदय आधारभूत विद्यालय, माङचोकको सुधारका लागि आधुनिक शिक्षा प्रणलीको विकास, छात्रावास संचालन मार्फत स्थानीय दुर्गम समुदायका वालवालिकाहरुको शिक्षामा पहुच वृद्धि गरी गुणस्तरीय शैक्षिक अवसरहरुको वृद्धि र संचालनका लागि आवश्यक सहयोग जुटाउने अभिप्रायले संस्थाले पहल कदमी लिदैआएको कार्यलाई निरन्तरता दिईने छ ।

**(ज) एकीकृत नमुना ग्रामिण विकास कार्यक्रम**
नेपाल सामुदायिक गुठी, अमेरीका, स्थानीय माईजोगमाई गाउँपालिका, जोगमाई हाईड्रो र समुदायको साझेदारी र सहकार्यमा माईजोगमाई गाउँपालिका क्षेत्रका छनौंट भएका कम्तिमा २ वटा गाउँहरुलाई नमुना गाउँ निर्माणमा सहजकिरण गर्ने योजना तय गरि कार्यक्रम अगाडी वढाईएको छ ।

**अन्त्यमाः** यो प्रतिवेदन संस्थाको आर्थिक बर्ष २०८०/०८१ साल असार मसान्त सम्मको आय व्ययको लेखा परिक्षण प्रतिवेदनको आधारमा तयार गरिएको हो । साथै प्रस्तावित बजेट संस्थाले संचालन गरेका केही कार्यक्रमहरुलाई नियमितता दिंदै जाने गरी थप नयाँ संभावित योजनाहरुलाई समेटेर तयार गरिएकोछ ।
केन्द्रले हालसम्म गरेका आर्थिक कार्य प्रगति र प्रस्तावित वजेट निति तथा कार्यक्रम उपर छलफल गरी आ.ब. २०८१।०८२ को लागि संस्थाको प्रस्तावित कार्यक्रम नीति एवम् बजेटमा सल्लाह तथा सुझावहरु प्रदान गरिदिनु हुन सम्पूर्ण सदस्य तथा शुभेच्छुक महानुभावहरुलाई हार्दिक अनुरोध गर्न चाहन्छु ।

धन्यवाद ।

कमला प्रधान
कोषाध्यक्ष